स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



लगभग ७० प्रतिशत छायांकन अमेरिकामा गरिएको फिल्म 'तेल भिसा' यतिबेला हलमा प्रदर्शनरत छ। प्रतिक्रिया राम्रो मिलेको भए पनि हलमा दर्शकको उपस्थिति अपेक्षित नहुँदा फिल्मले घरेलु बजारबाटै लगानी उठाउने सम्भावना टरिसकेको छ। यही बिहीबार आउन लागेको साउथ फिल्म 'पुष्पा २' कारण धेरैजसो हलबाट फिल्म उत्रने देखिन्छ। फिल्ममा लगानी मात्र तीन करोडमाथि छ।

आजको विचार...



यसरी...
(दुई पेजमा)

डा. मुकेशराज काफ्ले




फिल्म'पूजार सार्की'को व्यावसायिक सफलतापछि अब निर्देशक दिनेश राउत नयाँ फिल्म 'महाभोज' बनाउने तयारीमा छन्। पहिला यो फिल्मको नाम'गाउँ नै रमाइला' थियो। तर, यो नामले कथावस्तुलाई न्याय नगर्ने भएपछि शीर्षक परिवर्तन गरेर 'महाभोज' राखिएको हो। आगामी माघ १ गतेबाट छायांकन सुरु हुने फिल्ममा कलाकारको 'लाइनअप'बलियो बनेको छ। यसअघि फिल्ममा दयाहाङ राई, आर्यन सिग्देल र मिरुना मगरलाई अनुबन्धित गरिएको थियो।

❒ वर्ष ३० ❒ अंक १३१ ❒ २०८१ मंसिर १९ गते बुधबार 4 December 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# दूध बेचेर वार्षिक ३० लाख आम्दानी

**गलकोट (बागलुङ),** मंसिर १८/बागलुङ नगरपालिका-१४ नेपानेका ४५ वर्षीय कुमार बस्नेतले व्यावसायिक रूपमा गाईभैंसी पाल्न थलेको १२ वर्ष पुगेको छ । अहिले उनले दूध बिक्री गरेर वार्षिक ३० लाख आम्दानी गर्दै आएका हुन् ।

दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन गरेर अगुवा कृषकका रूपमा बस्नेत चिनिन्छन् । विसं २०६९ मा तीन वटा भैंसीबाट 'बस्नेत पशुपालन फार्म' सञ्चालन गरेका उनको फलार्ममा अहिले विभिन्न प्रजातिका ११ वटा भैंसी र नौ वटा गाई छन् । छ वर्ष साउदी अरब, ११ महिना सिंगापुर बसरे फर्किएका बस्नेतले तीन वर्ष बागलुङ बजारमा व्यवसाय सञ्चालन गरेका थिए । व्यापारमा मुनाफा नभएपछि पसल बेचेर पुन:विदेश जाने सोचमा जापान योजना बनाएका थिए । जापान जाने योजनाले पूर्णता नपाएपछि



बेचिसकेको पसल पुन : गर्नुभन्दा व्यावसायिक रूपमा गाईभैंसी पाल्ने योजना बनाएर गाउँ फर्किएपछि उनलाई कहिल्यै पछुताउनु परेको छैन । बस्नेतलाई उनकी श्रीमती अप्सराको दरिलो साथ छ । बीस वटा गाईभैंसी, उनीहरूको हेरचाह र सम्पूर्ण व्यवस्थापनको काम बस्नेत दम्पतीले मिलेर गर्ने गरेका छन् । दैनिक एक सयदेखि एक सय २० लिटरसम्म दूध उत्पादन गर्दै आएका बस्नेतले मासिक दुई लाख ५० हजारभन्दा बढी आम्दानी हुने गरेको बताए । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङको सहयोगमा पोखरा गएर एक हप्ताको तालिमसमेत लिएका उनले बिक्री भएर बाँकी रहेको दूधबाट खुवा र पनिर बनाएर बच्ने गरेको जानकारी दिए । बस्नेतले उत्पादन गरेको दूध नजिकैको नारायणस्थान बजारमा बेच्ने गरेको बताउँदै बजारीकरणको समस्या नरहेको उल्लेख गरे । चैत-वैशाखमा एक सय २० लिटरभन्दा बढी र असार साउनमा ७० लिटरसम्म दूध गाउँमा बिक्री हुने गरेको उनको भनाइ छ । गाउँमा बिक्री भएर रहेको दूध कहिले स्थानीय डेरीलाई बेच्ने, कहिले पर्वतको कुश्मा बजार र बागलुङ बजारमा पठाउने गरेको उनले जानकारी दिए । दूध बिक्री नहुँदा, बर्खाको समयमा सडकका कारण ढुवानीमा समस्या हुँदा, पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा सयौं लिटर दूध बिग्रिएर जाने गरेको भए पनि पछिल्लो समय प्राक्टिकल एक्सन नेपालको सहयोगमा डिसिआर डिसी बागलुङले अनुदानमा प्रदान गरेको 'डिप फ्रिज'ले राहत पुगेको बस्नेतले बताए । बैंकबाट कृषि कर्जा लिएको भन्दै जानकारी नभई घटबढ हुने व्यजदरले भने सास्ती दिएको उनको भनाइ छ ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### थाइल्याण्डमा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या २५

(रासस/एएफपी)

**बैङ्कक(थाइल्याण्ड,** मंसिर १८/दक्षिणी थाइल्याण्डमा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या २५ पुगेका अधिकारीहरूले मंगलबार बताएका छन् । अझै केही दिनसम्म भारी वर्षा हुने पूर्वानुमान गरिएको छ । नोभेम्बरको अन्त्यदेखि दक्षिणी थाइल्याण्डका बाह्र प्रान्तमा बाढीले चार लाख १० हजार ४५१ मानिसहरूलाई प्रभावित बनाएको छ ।

थाई सरकारको जनसम्पर्क विभागले पट्टानी, नाराथिवाट, याला प्रान्तमा बाढीका कारण २२ हजारभन्दा बढी मानिसहरु बाढीबमाट विस्थापित भएको जनाएको छ । सोङखलाको पोल्ट्री फार्मका मालिक सुवास बिन-उमाले भन्ने,'बाढीले १० हजार भन्दा बढी कुखुरा नष्ट गर्दा मैले कम्तिमा तीन लाख भाट गुमाएँ ।' थाई मौसम विभागले मंगलबार डिसेम्बर छ सम्म भारी वर्षा जारी रहने चेतावनी दिएको छ । सरकारले बाढी प्रभावित बासिन्दाहरूलाई सहयोग गर्न उद्धार टोली खटाएको र प्रत्येक प्रदेशलाई बाढी राहतका लागि छ करोड भाट तोकिएको छ । मंगलबार थाई मन्त्रिपरिषद्ले प्रभावितहरूलाई सहयोग गर्न प्रति परिवार नौ हजार भाट भुक्तानलाई अनुमोदन गरेको छ ।

## पत्रकार महासंघको मतदाता नामावली प्रकाशन




**पाल्पा,** मंसिर १८/नेपाल पत्रकार महासंघले मंसिर २८ गते हुने निर्वाचनका लागि मतदाता नामावली प्रकाशन गरेको छ । महासंघको निर्वाचन समितिले केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला शाखा, प्रतिष्ठान शाखाबाट प्राप्त नामावलीअनुसार सूची प्रकाशित गरेको हो । मतदाताको नामावली नेपाल पत्रकार महासंघको वेबसाइट www.fnjnepal.org तथा केन्द्रीय निर्वाचन कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ । २८ गते हुने निर्वाचनमा सहभागी हुन सम्पूर्ण सदस्यले विधान बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्ने निर्वाचन समितिले विज्ञप्तिमा जनाएको छ । मतदाता नामावली प्रकाशनपछि पत्रकार महासंघको कार्यबाहक अध्यक्ष बालाल अधिकारीले नयाँ नेतृत्व चयनमा प्रत्यक्ष सहभागी हुन अपिल गरेकी छिन् ।

### एनपीएलमा बेटिङ आरोपमा पक्राउ

## चारै जनाविरुद्ध जिल्ला अदालतबाट म्याद थप

**काठमाडौं**, मंसिर १८/नेपाल प्रिमियर लिग (एनपीएल)मा बेटिङ (सट्टेबाजी) खेलाएको आरोपमा पक्राउ परेका चार व्यक्ति भारतीय नागरिक रहेको खुलेको छ ।

कीर्तिपुरबाट प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले चार जनालाई पक्राउ गरेको थियो । पक्राउ परेका चारै जना भारतीय नागरिक रहेको सीआईबीका प्रवक्ता तथा एसपी होविन्द्र बोगटीले बताए । सीआईबीले सोमबार भारतको कोलकत्ता बाह्नसान बबुनगाढी घर भएका २४ वर्षीय सुमन धोष र भारतको उत्तर प्रदेश कानपुरका २५ वर्षीय अमित यादवलाई त्रिविस्थित क्रिकेट मैदानबाट पक्राउ गरेको थियो ।



सोही ठाउँबाट मंगलबार भारत बिहार सहरसा वार्ड-२ खबरीका २७ वर्षीय सुमन्त कुमार र सहरसा हरंसरीका ३० वर्षीय ब्रेजेश कुमारलाई सीआईबीले पक्राउ गरेको छ । उनीहरुबाट विभिन्न कम्पनीका ६ थान मोबाइल र चार थान भारतीय आधारकार्ड समेत बरामद भएको छ । पक्राउ परेका चारै जनाविरुद्ध काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद थप भएको छ । उनीहरुले स्पोर्ट बाजी, प्रोबो ललगायत अनलाइन बेटिङ एपबाट सट्टेबाजी खेलाएको एसपी बोगटीले बताउ । पक्राउ परेकाहरु विरुद्ध सट्टेबाजी खेलाउन नहुने कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दृष्टिकोणमा परिवर्तन जरुरी

हेराई र गराई, बोलाई अनि भोगाई, यी सबै विचारलाई असल दृष्टिकोणको आवश्यकता छ । गत साता किर्तिपुर भाषणले व्यापक चर्चा पायो । आज भोली चीन भ्रमण र मंसिर १६ गते सम्पन्न स्थानीय उपनिर्वाचनका परिणामलाई लिएर व्यापक रुपमा चर्चा चलीरहेका छन् । चर्चाहरु सकारात्मक भन्दा पनि नकारात्मक धेरै छन् । हेर्ने, सुन्ने दृष्टिकोणका मुल्य र मान्यता प्रति ह्रास आएको महशुस हुन्छ । जहाँ दृष्टिकोण, अर्थात दृष्टिभ्रम र बिचारका आधारभूत मूल्य र मान्यताहरु क्षेयीकरण भएपछि दृष्टिकोणले पनि फरक नतिजा पाएको महशुस भएको छ ।

नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले किर्तिपुरको चुनावीसभामा सम्बोधन गर्ने क्रममा दिएका महत्वपुर्ण अभिव्यक्तिलाई सम्पादन गरेर, नकारात्मक शैलीको दृष्टिकोणलाई प्राथमिकता दिने जो सुकै भए पनि त्यो अपराधिक चरित्रको एउटा ज्वलन्त उदाहरण हो । स्थानीय उप–निर्वाचनमा आ–आफ्ना घोषणा पत्र, प्रतिवद्धता प्रतिको धारणालाई थप व्याख्या गर्ने क्रममा महामन्त्री गगनकुमार थापाका विचारहरु आफैमा समय सान्दर्भिक थिए । कतिपयले त्यसलाई नकारात्मकता बढाउँने खालका अपव्याख्या गरेका कारण पनि बुझाईमा फरक फरक दृष्टिकोण अगाडि आएका हुन् । महामन्त्रीको भाषण चाहिं वास्तविकतामा आधारित थियो तर नेपाली शोसलमिडियाका कतिपय प्रयोग कर्ताले त्यसको अपव्याख्या गरे । सकारात्मक दृष्टिकोण र भावनालाई नकारात्मकताको पगरी गुथाई दिदा नेपाली समाज नकारात्मकताको शिकार बन्दै छ । हिजो एमालेका अध्यक्ष केपी शर्मा ओलीले कोभिड १९ बाट बच्नका लागि घरेलु उपचार विधिका विषयमा दिएका अभिव्यक्ती प्रति नकारात्मकताको डण्डा बोकेर अगाडी बढेको समाजले आज फेरी यस्तै नचाहिने हर्कत बाहेक केही पनि गर्न सकेको छैन । यस्ता घटनालाई अत्यान्त्यै गहिरो संग विश्लेषण गर्नुपर्ने बेला आएको छ । त्यसकारण हरेक कुरालाई सकारात्मक दृष्टिकोणले हेरौ, त्यहाँ सधै रमाईलो र खुसीको झलक देखिन्छ । अन्यथा हामी सधैं नकारात्मकताका शिकार वाहेक केही पनि हुन सक्दैनौ । त्यस कारण दुष्टिकोणमा परिवर्तन जरुरी छ

### Opinion @ Social Network

कसैसँग बदला लिने सोच नराख्नुहोस
खराब फल आफै बोट बाट झर्छ ।
(कमला सारुको फेसबुक स्टाटस https://www.facebook.com/Kamala.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसरी पुग्न सकिन्छ शून्य कार्बनको अवस्थामा



डा. मुकेशराज काफ्ले

स्वच्छ, आधुनिक, सस्तो र भरपर्दो ऊर्जा मानव जीवनको गुणस्तर मापनको एक महत्त्वपूर्ण सूचक हो । विश्वमा बढ्दो जनसंख्या, सहरीकरण, विश्वव्यापीकरण र औद्योगिकीकरणले प्रत्येक वर्ष ऊर्जाको माग बढ्दै गएको छ । यो मागको अधिकांश हिस्सा मूलत: गैरनवीकरणीय स्रोत जीवाश्म इन्धनबाट प्राप्त हुन्छ । सन् २०२२ को तथ्यांकअनुसार विश्वभर ऊर्जा मागको ३२ प्रतिशत खनिज तेल, २७ प्रतिशत कोइला र २४ प्रतिशत प्राकृतिक ग्यासबाट प्राप्त हुँदा १७ प्रतिशत ऊर्जा नवीकरणीय स्रोत (जलविद्युत, सौर्य, वायु, जैविक इन्धन, जियोथर्मल र आणविक) बाट प्राप्त भएको थियो । विगत ६ दशकको प्रवृत्ति अध्ययन गर्दा विश्व ऊर्जा मिश्रणमा नवीकरणीय ऊर्जाको परिमाण बढ्दै गए पनि तुलनात्मक रूपमा गैरनवीकरणीय ऊर्जाको खपत ह्वात्तै बढेको देखिन्छ । सन् १९६५ मा जीवाश्म इन्धनको खपत ४०,४३४ टेट्रावाट घन्टा रहेकामा १९९० मा दोब्बरभन्दा बढीले वृद्धि भई ८२,९९३ टेट्रावाट घन्टा पुगेको थियो । यो क्रम बढ्दै जाँदा जीवाश्म ऊर्जाको खपत सन् २०१० मा एक लाख २१,४८० र सन् २०२२ मा एक लाख ३७,२७३ टेट्रावाट घन्टा पुगेको तथ्यांक छ । जीवाश्म ऊर्जाको बढ्दो प्रयोगले कार्बन डाइअक्साइड लगायत अन्य हरित ग्यास उत्सर्जन बढ्दै जाँदा विश्व तापमान वृद्धि भएर वातावरणीय सन्तुलन बिग्रँदै गएको छ । विश्वव्यापी रूपमा बढ्दै गएको कार्बन उत्सर्जन जलवायु परिवर्तनको मुख्य उत्प्रेरक हो ।

समग्र हरित ग्यास उत्सर्जनमा कार्बन डाइअक्साइडको हिस्सा ७५ प्रतिशतभन्दा बढी छ । विगत ६ दशकको तथ्यांक विश्लेषण गर्दा सन् १९६५ मा कार्बन उत्सर्जनको परिमाण ११.३२ बिलियन मेट्रिक टन रहेकोमा सन् १९९० मा दोब्बरले वृद्धि भई २२.७६ बिलियन मेट्रिक टन पुगेको देखिन्छ। यो परिमाण बढ्दै सन् २०१० मा ३३.३६ र सन् २०२२ मा ३७.४९ बिलियन मेट्रिक टन पुगेको तथ्यांक छ । यसमध्ये ठूलो अंशको कार्बन उत्सर्जन गैरनवीकरणीय ऊर्जा खपतबाट भएको देखिन्छ । बढ्दो कार्बन डाइअक्साइड उत्सर्जनका कारण विश्वले तापक्रम वृद्धि, जलवायु परिवर्तन, जैविक विविधतामा ह्रास, अतिवृष्टि, अनावृष्टि आदि चुनौतीहरू सामना गर्नुपरेको छ । एक अध्ययनअनुसार ऊर्जाका स्रोतमध्ये कोइलाबाट प्रतियुनिट बिजुली (किलोवाट घन्टा) ले ८२० ग्राम कार्बन डाइअक्साइड बराबर हरित ग्यास उत्सर्जन गर्छ । कोइलाबाट उत्पादित प्रतिटेट्रावाट घन्टा ऊर्जासँगै उत्सर्जन हुने कार्बनका कारण सरदर २५ जनाको मृत्यु हुने गरेको छ । सोही अध्ययनअनुसार खनिज तेलबाट उत्पादित प्रतियुनिट बिजुलीले ७२० ग्राम कार्बन डाइअक्साइड बराबर हरित ग्यास उत्सर्जन गर्छ । यसबाट उत्पादित प्रतिटेट्रावाट घन्टा ऊर्जासँगै उत्सर्जन हुने कार्बनका कारण हुने मृत्यु दर १९ जना छ । प्राकृतिक ग्यासबाट उत्पादित प्रतियुनिट बिजुलीले ७२० ग्राम कार्बन डाइअक्साइड बराबर हरित ग्यास उत्सर्जन गर्छ र प्रतिटेट्रावाट घन्टा ऊर्जासँगै उत्सर्जन हुने कार्बनका कारण हुने मृत्युदर ३ जना छ ।

नवीकरणीय ऊर्जामा यो तथ्यांक न्यून छ । जलविद्युतबाट उत्पादित प्रतियुनिट बिजुलीले २४ ग्राम कार्बन डाइअक्साइड बराबर हरित ग्यास उत्सर्जन गर्दा सौर्य ऊर्जाले ४८ ग्राम, वायु ऊर्जाले ११.२ ग्राम, आणविक ऊर्जाले १२ ग्राम, जियो थर्मलले ३८ ग्राम कार्बन डाईअक्साइड बराबर हरित ग्यास उत्सर्जन गर्छ । यी नवीकरणीय स्रोतबाट उत्पादित प्रतिटेट्रावाट घन्टा ऊर्जासँगै उत्सर्जन हुने कार्बनका कारण हुने मृत्युदर १ जनाभन्दा कम रहेको अध्ययनको निष्कर्ष छ । गैरनवीकरणीय ऊर्जाको बढ्दो प्रयोग, यसबाट हुँदै गरेको क्षति र प्रवृत्तिबाट पृथ्वी जोगाउन ठोस प्रयासहरू आवश्यक देखिन्छ । अबको प्रयत्न र मार्गचित्र कार्बन उत्सर्जन न्यूनीकरण गर्दै एउटा निश्चित समय सीमाभित्र कार्बन तटस्थता अर्थात् खुद शून्य कार्बनको अवस्थामा पुग्नुपर्ने चुनौती छ । त्यो लक्ष्य प्राप्तिका लागि नवीकरणीय ऊर्जा एक मात्र भरपर्दो विकल्प हो । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २०५० सम्ममा खुद शून्य कार्बन र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न सन् २०२१ सम्ममा खनिज तेल, कोइला र प्राकृतिक ग्यासको नयाँ खानी उत्खनन बन्द गरिसक्नुपर्ने थियो । यसो हुन सकेन । अध्ययन अनुसार विश्वमा मागको ७५ प्रतिशत ऊर्जाको आपूर्ति नवीकरणीय स्रोतबाट गर्न सकिने देखिन्छ । सन् १९६५ देखि प्राथमिक ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा बढ्दै गएको छ । सन् १९६५ मा प्राथमिक ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा ६.४५ प्रतिशत रहेकोमा सन् १९९० मा ७.१८, सन् २०१० मा ८.८१ र सन् २०२१ मा १३.४७ प्रतिशत पुगेको देखिन्छ । यो वृद्धिको गतिमा सन् २०५० सम्ममा कार्बन तटस्थताको लक्ष्य प्राप्ति कठिन हुनेछ ।

लक्ष्यमा पुग्ने हो भने सरोकारवाला पक्षहरूको तदारूकता र सहयोग आवश्यक छ । सन् २०१९ मा नवीकरणीय ऊर्जाको खपत ७४ एक्साजूल थियो। सन् २०५० सम्ममा कार्बन तटस्थताको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको खपत सन् २०३० मा ११६, सन् २०४० मा १८० र सन् २०५० मा २४७ एक्साजूल पुर्‍याउनुपर्ने देखिन्छ । यो लक्ष्य हासिल गर्न अहिले न्यून क्षमतामा उत्पादन भइरहेको नवीकरणीय ऊर्जा स्रोतको पहिचान र अधिकतम उपयोग अत्यावश्यक देखिएको छ । नवीकरणीय ऊर्जाको प्रमुख स्रोत जलविद्युत हो । विश्वको अनुमानित जलविद्युत क्षमता २५.४८ पेटावाट-घन्टा प्रतिवर्ष भए पनि ९५ प्रतिशत बहाबमा आधारित उत्पादन योग्य क्षमता ५.४२ पेटावाट-घन्टा प्रतिवर्ष मानिएको छ । विद्युत प्रणालीमा जलविद्युतको हिस्सा घट्दै गएको छ। सन् १९८५ मा विश्व विद्युत प्रणालीमा जलविद्युतको हिस्सा २०.०३ प्रतिशत रहेकोमा सन् २००५ मा १५.७४ र सन् २०२१ मा १५.२२ प्रतिशत रह्यो । सन् १९८५ मा कुल जलविद्युत उत्पादन १९८० टेट्रावाट-घन्टा रहेकोमा सन् २००५ मा २८९५ र सन् २०२१ मा ४२३४ टेट्रावाट-घन्टा पुगेको देखिन्छ । सन् २०२१ मा चीन, क्यानडा र ब्राजिल जलविद्युत उत्पादनमा अग्रणी स्थानमा थिए । अहिले पनि डेमोक्रेटिक रिपब्लिकन कंगो, कंगो, इथियोपिया, एंगोला, सुडान, मडागास्कर लगायत विश्वका कैंयौ मुलुकमा क्षमता अनुसार जलविद्युत उत्पादन भएको छैन। यी देशमा निकै ठूलो परिमाणमा उत्पादन हुने क्षमता छ । नवीकरणीय ऊर्जाको अर्को महत्त्वपूर्ण स्रोत सौर्य ऊर्जा (सोलार पावर) हो । सन् २००५ सम्ममा ऊर्जा मिश्रणमा सौर्य ऊर्जाको त्यति धेरै महत्त्व देखिँदैन। त्यस वर्ष विश्व ऊर्जा प्रणालीमा सौर्य ऊर्जाको जडित क्षमता केवल ५ गिगावाट र त्यसबाट उत्पादित इनर्जी ४ टेट्रावाट-घन्टा भन्दा कम थियो । सन् २०१० पछि सौर्य ऊर्जा विकासमा उल्लेखनीय प्रगति भएको देखिन्छ । उक्त वर्ष सौर्य ऊर्जाको जडित क्षमता ४० गिगावाट हुँदा सन् २०१५ मा २२३ गिगावाट पुग्यो । यो क्षमता सन् २०२१ मा ८४३ गिगावाट पुगेको तथ्यांक छ। सन् २०१० मा सौर्य ऊर्जाबाट ३१ टेट्रावाट-घन्टा इनर्जी प्राप्त हुँदा सन् २०१५ मा ३५४ र सन् २०२१ मा १०४० टेट्रावाट-घन्टा इनर्जी उत्पादन भएको थियो । सन् २०१० मा विश्व ऊर्जा प्रणालीमा सौर्य ऊर्जाको अंश ०.१५ प्रतिशत रहेकोमा २०२१ मा ३.७४ प्रतिशत पुग्यो । अहिले पनि सौर्य स्रोतको प्रयोगबाट ठूलो परिमाणमा ऊर्जा उत्पादन गर्न सकिने सम्भावना छ तर समग्र ऊर्जा प्रणालीमा यसको हिस्सा ४ प्रतिशतभन्दा कम देखिन्छ ।

नवीकरणीय ऊर्जाको अर्को महत्त्वपूर्ण स्रोत वायु हो । प्रचुर सम्भावना र न्यून कार्बन उत्सर्जन गर्ने ऊर्जा स्रोत भए पनि सन् २००० मा प्राथमिक ऊर्जाका रूपमा वायु ऊर्जाको उत्पादन ०.१ प्रतिशतभन्दा कम थियो। सन् २०२१ मा विश्व ऊर्जा प्रणालीमा वायु ऊर्जाको हिस्सा २.९५ प्रतिशत पुयो । सन् २००० मा वायु ऊर्जाको कुल उत्पादन १७ गिगावाट रहेकोमा सन् २०१५ मा ४१ र सन् २०२१ मा ८२४ गिगावाट पुगेको देखिन्छ । सन् २००० मा वायु ऊर्जाबाट ३१ टेट्रावाट-घन्टा इनर्जी प्राप्त भएकोमा सन् २०१५ मा ८२८ र सन् २०२१ मा १८४८ टेट्रावाट-घन्टा पुगेको तथ्यांक छ । विगत दुई दशकमा वायु ऊर्जाको लोकप्रियता बढेको देखिन्छ । यसो भए पनि विश्व ऊर्जा प्रणालीमा वायु ऊर्जाको हिस्सा ३ प्रतिशत भन्दा कम छ । निकै ठूलो प्राकृतिक स्रोतका बाबजुद न्यून परिमाणमा मात्रै वायु ऊर्जा उत्पादन भएको छ । नवीकरणीय ऊर्जाको अर्को स्रोत जियोथर्मल हो । यो ऊर्जा पृथ्वीको सतहमुनिको तापबाट प्राप्त हुन्छ। हालैको दशकदेखि यो ऊर्जाप्रति रूचि बढ्दै गएको देखिन्छ । सन् २००० मा जियोथर्मलको उत्पादन क्षमता ८ गिगावाट रहेकोमा सन् २०१५ मा १२ र सन् २०२२ मा १५ गिगावाट पुगेको तथ्यांक छ । मूलत: आइसल्यान्ड, एल साल्भाडोर, न्युजिल्यान्ड, केन्या र फिलिपिन्सले आफ्नो आन्तरिक ऊर्जाको माग धान्न जियोथर्मल ऊर्जा प्रयोग गरेको देखिन्छ ।

प्रचुर सम्भावनाका बाबजुद विश्व ऊर्जा प्रणालीको नवीकरणीय कुल ऊर्जामा जियोथर्मल ऊर्जाको हिस्सा ०.५ प्रतिशत भन्दा कम छ । नवीकरणीय ऊर्जाको अर्को महत्त्वपूर्ण स्रोत आणविक ऊर्जा हो । यो न्यून कार्बन उत्सर्जन गर्ने एक पुरानो प्रविधि हो । सन् १९६५ मा आणविक ऊर्जाको उत्पादन ३० टेट्रावाट-घन्टाभन्दा कम रहेकोमा सन् १९९० मा २००० टेट्रावाट-घन्टा पुग्यो। सन् २००५ मा २,६८६ र सन् २०२२ मा २,६१० टेट्रावाट-घन्टा आणविक ऊर्जा उत्पादन भएको तथ्यांक छ । अहिलेको प्रवृत्तिअनुसार सन् २०३० सम्ममा ३,३५१ र सन् २०५० सम्ममा ४,२६० टेट्रावाट-घन्टा आणविक ऊर्जा उत्पादन हुने प्रक्षेपण छ । सन् १९६५ देखि सन् २०२२ सम्मको तथ्यांक विश्लेषण गर्दा आणविक ऊर्जा उत्पादन घटेको देखिन्छ ।

सन् १९९० मा विश्व विद्युत प्रणालीमा आणविक ऊर्जाको हिस्सा १६.७२ प्रतिशत रहेकोमा सन् २००५ मा १५.१५ र सन् २०२० मा १०.०३ प्रतिशत रहेको तथ्यांक छ । फ्रान्स, स्लोभाकिया र युक्रेनमा विद्युत प्रणालीको ५० प्रतिशतभन्दा बढी हिस्सा आणविक ऊर्जाको छ । बेल्जियम, स्लोभानिया र चेक रिपब्लिक देशहरूको विद्युत मागको ३३ प्रतिशतभन्दा बढी आपूर्ति आणविक ऊर्जाबाट हुने गरेको छ । त्यसैले, कार्बन तटस्थताको लक्ष्य प्राप्तिका लागि जीवाश्म इन्धनको प्रयोग न्यूनीकरण गरी नवीकरणीय ऊर्जाको हिस्सा बढाउँदै लैजानुको विकल्प छैन । ठूलो परिमाणमा उपलब्ध एवं भण्डारण रहेको नवीकरणीय ऊर्जाका स्रोतहरू जलविद्युत, सौर्य, वायु, जियोथर्मल न्यून क्षमतामा मात्र उत्पादन र उपयोग भएको छ । यी स्रोतहरू पूर्ण क्षमतामा प्रयोग गर्नेतर्फ सरोकारवाला सबैको ध्यान जान जरूरी छ । यसका लागि समुचित लगानी, कानुन, नियमन तथा संस्थागत संरचना आवश्यक पर्छ । प्राविधिक विकास र पूर्वाधार तयारीका साथै जनचेतनामा पनि जोड दिन आवश्यक छ । सन् २०५० सम्ममा कार्बन तटस्थताको लक्ष्य हासिल गर्न विश्व ऊर्जा प्रणालीको ७५ प्रतिशत हिस्सा नवीकरणीय ऊर्जामा आधारित बनाउने मार्गचित्र कार्यान्वयनका लागि सबै सचेत र संवेदनशील हुनुपर्ने भएको छ ।

*-सेतोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ। | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** :कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |

## कला मनोरञ्जन

# दीलिपलाई छोरीसँग फिल्म खेल्ने इच्छा



नेपाली फिल्ममा अभिनेता दीलिप रायमाझीले गर्विलो पहिचान बनाएका छन् । कुनै बेला करिअरको उत्कर्षमा रहेका उनले २ सय बढी फिल्ममा काम गरिसकेका छन् । अमेरिकामा बस्दा समेत उनले अभिनयलाई निरन्तरता दिए । पछिल्लो समय भने उनको बसाइँ नेपालमै बढी छ । यसैले अचेल उनी छायांकनमा व्यस्त देखिन्छन् । यसै साता उनले नयाँ फिल्म 'रंगी'को छायांकन सकाए । कलाकारितामा स्थापित अघिल्लो पुस्ताका धेरै कलाकारले आफ्ना सन्तानलाई फिल्ममा ल्याइसकेको अवस्थामा दीलिपकी छोरी दिव्या समेत अभिनेत्री बनिसकेकी छन् । 'एक्टर'बाट डेब्यु गरेकी उनले हालै दोस्रो फिल्म 'पिताम्बर'को समेत छायांकन भ्याइसकेकी छन् । डेब्यु फिल्म प्रदर्शनमा नआउँदै उनको माग राम्रो देखिएको छ । अब धेरैले बाबुछोरी अर्थात् दीलिप र दिव्यालाई एउटै फिल्ममा हेर्न चाहेका छन् । शुक्रबार बनेपामा 'रंगी'को गीत छायांकनको क्रममा दीलिपले छोरीसँग फिल्ममा काम गर्ने इच्छा रहेको बताए । उनले सञ्चारकर्मीहरुसँग भने, 'हामी चाँडै एउटै फिल्ममा खेल्न पाइयोस् । यो मेरो लागि निकै गर्वको कुरा पनि हुनेछ । छोरीसँग फिल्ममा काम गर्न पाएँ भने म एकदमै खुसी हुने थिएँ ।' रोचक कुरा के छ भने 'रंगी'को गीतमा दीलिपलाई नचाएका कोरियोग्राफर कविराज गहतराजले केही दिनअघि 'पिताम्बर'को गीतमा दिव्यालाई समेत नचाएका थिए । 'रंगी'को छायांकनमा उनले बाबु र छोरीलाई नचाउँदाको अनुभव सुनाए । उनलाई नचाउन सहज भने दीलिपलाई नै भएको रहेछ । यद्यपि, दिव्याले पनि राम्रो नृत्य गरेको उनको भनाई छ । 'भर्खरै दीलिप दाईको छोरीलाई नचाएको आएको हुँ । अहिले उहाँलाई नचाउन पाएँ,' पत्रकारले 'को राम्रो डान्सर ?' भनेर सोधेको प्रश्नमा उनले भने, 'दीलिप दाईको त भन्नै परेन । उहाँ राम्रो डान्सर भनेर सबैलाई थाहा छ । उहाँको छोरीले पनि एकदमै राम्रो नाच्नुभएको छ । उहाँको नृत्य देखेर सबैजना छक्क पर्नुहुन्छ । सजिलो चाहिँ दीलिप दाईसँग नै भयो । बाप-बाप होता है (हाँस्दै) ।'

*-फिल्मी खबर डटकम*

# सगरमाथा आरोहणको तयारीमा जुटिन् अभिनेत्री कविता



अभिनेत्री कविता नेपाली यतिबेला सगरमाथा बेस क्याम्पमा छिन् । संसारकै अग्लो शिखर सगरमाथा आरोहण गर्ने उद्देश्यसहित विभिन्न तयारीका लागि उनी अहिले बेस क्याम्प पुगेकी हुन् । 'सगरमाथा चढ्नु अघि अन्य हिमालहरु चढ्नुपर्ने र आवश्यक बिभिन्न तालिम समेत लिनुपर्ने रहेछ', नेपालीले भनिन्- 'त्यसका लागि अहिले सगरमाथा बेस क्याम्पमा तयारी गर्दैछु ।' उनले पहिलो पटककै सगरमाथा आरोह गर्ने भने होइन । तयारीपछि उनी केही साना हिमाल चढ्नेछिन् र त्यसपछि सगरमाथा आरोहण गर्ने उनले सुनाइन् । कविता फिल्म 'एक्लो' की अभिनेत्री हुन् । उनलाई सगरमाथा आरोहणको रहर त्यतिबेला जागेको हो । जतिबेला उनी 'एक्लो' छायांकनको लागि अपर मुस्ताङ पुगेकी थिइन् । कवितालाई सगरमाथा आरोहणका लागि फिल्म 'एक्लो' युनिटले समेत सहयोग गर्ने भएको छ। आफ्नो फिल्मको अभिनेत्री सगरमाथा चढ्न लाग्दा निकै खुसी महसुस भएको 'एक्लो' का कार्यकारी निर्माता विनोद सुवेदी क्षितिजले बताए । उनले भने 'कविताका लागि हामी सक्दो सहयोग गर्नेछौ ।' 'एक्लो' कविताको डेब्यु फिल्म हो । डान्सिङ्ग रियालिटी शो विजेता समेत रहेकी नेपालीले थुप्रै म्युजिक भिडियो र वेब सिरिजमा काम गरिसकेकी छन् । अहिले पोस्ट प्रोडक्सनमा रहेको 'एक्लो' प्रदीप शाहीले निर्देशन गरेका हुन् । फिल्ममा कवितासँगै प्रदीप खड्का, विजय लामा, सुनील थापा, दिया पुन, वेनिशा हमाल, दिनेश डीसी, सुरज सिहँ ठकुरी, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकरी, दिग्गज खत्री,विनोदकुमार सुवेदी क्षितिज, श्रीशेष श्रेष्ठ, बालकलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंह लगायत बेलायती अभिनेता जेमी बेकनको अभिनय छ ।

*-रातोपाटी डटकम*

# उत्कृष्ट अभिनेत्री 'फिल्म फेयर ओटीटी अवार्ड्स' मनिषालाई



चर्चित अभिनेत्री मनिषा कोइरालाले 'फिल्म फेयर ओटीटी अवार्ड्स २०२४' जित्नुभएको छ । उहाँले 'हीरामन्डी' मा दिएको उत्कृष्ट प्रदर्शनका लागि महिला, ड्रामा श्रेणीमा सर्वश्रेष्ठ अभिनेत्रीको अवार्ड जित्न सफल हुनुभएको हो । अवार्ड पाएसँगै मनिषाले सामाजिक सञ्जालमा निर्माण टिमलाई धन्यवाद दिनुभएको छ । उहाँले भन्नुभएको छ, 'मलाई जीवनभरको भूमिका दिनुभएकोमा भन्साली प्रोडक्सनलाई धन्यवाद ।' मे १ बाट नेटफ्लिक्समा स्ट्रीमिङ भएको यस वेव सिरिजलाई निकै रुचाइएको थियो । यसमा मनिषासहित सोनाक्षी सिन्हा, अदिति राव हैदरी, ऋचा चड्ढा, ताना शाह बदुशा, सञ्जिदा शेख, शर्मिन सहगललगायतको अभिनय छ । सञ्जय लीला भन्साली निर्देशित यस वेब सिरिजमा हीरामन्डी नामक ठाउँमा बस्ने यौनकर्मीहरूको कथालाई समेटिएको छ । अवार्ड समारोहमा २९ वटा विधामा पुरस्कार वितरण गरिएको थियो । सबैभन्दा बढी १६ विधामा 'हीरामण्डी' मनोनयनमा परेको थियो । यस्तै, 'गन्स एण्ड गुलाब्स' १२ वटा र 'काला पानी' आठ विधामा मनोनीत भएका थिए । सर्वोत्कृष्ट सिरिजको अवार्ड 'द रेल्वे मेन'लाई प्राप्त भएको छ । सर्वोत्कृष्ट निर्देशकको अवार्ड भने 'कालापानी'बाट समीर सक्सेना र अमित गोलानीले प्राप्त गर्नुभएको छ । 'गन्स एन्स गुलाब्स' का राजकुमार राव कमेडीतर्फ सर्वोत्कृष्ट अभिनेता ठहरिँदा ड्रामातर्फ 'द तेल्गी स्टोरी'बाट गगन देभले सर्वोत्कृष्ट अभिनेताको अवार्ड प्राप्त गर्नुभयो । यस्तै सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड ड्रामातर्फ मनिषाले पाउँदा कमेडीमा 'गुल्लाक सिजन-४'बाट गीताञ्जलि कुलकर्णीलाई दिइएको थियो ।

*-इहिमालय टाइम्स डटकम*

# रेड पाण्डा पछ्याउँदै 'सनम तेरी कसम' हिरो इलाममा



बलिउड अभिनेता हर्षवर्धन राणे बेलाबेलामा नेपाल घुम्न आइरहन्छन् । गत वर्ष साउनमा पनि उनी आएका थिए । त्यतिबेला उनले उपत्यकाका सांस्कृतिक सम्पदाको भ्रमण गरे । विवाह समारोहमा समेत सहभागिता जनाए । यसपटक पनि उनी नेपाल घुम्न आएका छन् । तर अहिलेको भ्रमणको उद्देश्य भिन्न छ । उनी यतिबेला केही सहयोगीसहित पूर्वी नेपालको इलाममा छन्, जहाँ उनले लोपोन्मुख रेड पाण्डा (हाब्रे)लाई पछ्याउँदै आकर्षक तस्वीर खिचिरहेका छन् । वन्यजन्तु फोटोग्राफीमा रुचि राख्ने उनी वाइल्डलाइफ टुर सहयोगी शैव राणासहित रातो पाण्डालाई पछ्याउँदै छन् । इलामको पद्म सम्भव सामुदायिक वनमा पुगेर पैदल यात्रा गर्दै फोटो खिचिरहेका छन् । आफूले खिचेका रेड पाण्डाका आकर्षक तस्वीरलाई उनले इन्स्टाग्राममा सेयर गरेका छन् । तपाईंलाई वन्यजन्तु फोटोग्राफीमा रुचि छ भने हर्षवर्धनले खिचेका तस्वीर वास्तवमै आकर्षक लाग्न सक्छन् । इलामको उक्त सामुदायिक वन संकटापन्न रेड पाण्डाको वासस्थान समेत हो । बलिउडको चर्चित फिल्म 'सनम तेरी कसम'का अभिनेताको यो फोटोग्राफी रुचिलाई लिएर फ्यानले उत्साह व्यक्त गरिरहेका छन् । अहिले यो फिल्मको सिक्वेल बन्ने कुरा पनि छ । उनी भारतको तेलुगु फिल्मका चर्चित अभिनेता समेत हुन् । 'सनम तेरी कसम'बाट बलिउडमा डेब्यु गरेका उनले 'तैश', 'हसीन दिलरुबा, 'पल्टन' जस्ता हिन्दी भाषाका फिल्ममा पनि काम गरेका छन् । सन् २०१५, २०१६ र २०१७ मा उनी द टाइम्स अफ इण्डियाको सबैभन्दा 'डिजाइरेबल पुरुष' पनि घोषित भइसकेका छन् ।

*-अनलाइन खबर डटकम*

# 'पुष्पा २' रिलिज अगावै अमेरिकामा बनायो रेकर्ड




साउथ सुपरस्टार अल्लु अर्जुनको फिल्म 'पुष्पा २' रिलिज हुन धेरै समय बाँकी छैन र यो फिल्म रिलिजको निकै नजिक छ । यस्तो अवस्थामा यो फिल्मलाई लिएर ृयानहरुको उत्साहित रहेका छन् । सबैजना फिल्म रिलिजको प्रतिक्षामा छन् । अब यो फिल्म रिलिजको नजिक छ, त्यसैले केहि न केहि गर्न थाल्छ भन्ने स्पष्ट छ, त्यसैले आउनुहोस् जान्नुहोस् फिल्मले प्रदर्शन अघि नै के चमत्कार गर्यो ? वास्तवमा 'पुष्पा २' ले रिलिजअघि नै ठूलो रेकर्ड बनाएको छ। यो चलचित्र रिलिजको समय नजिक छ, त्यसैले यसको अग्रिम बुकिङ भइरहेको छ र अग्रिम बुकिङ मा चमत्कार गरेको छ । फिल्मले अग्रिम बुकिङमा करोडौंको व्यापार गरिसकेको छ भने उत्तर अमेरिकामा उत्कृष्ट प्रतिक्रिया पाइरहेको छ । भर्खरै आएको मिडिया रिपोर्ट अनुसार 'पुष्पा २' ले उत्तरी अमेरिकामा मात्रै प्रिभ्यु शोको अग्रिम बुकिङमा १४.७८ करोडको व्यापार गरेको बताइएको छ । तर, अब अल्लु अर्जुनको फिल्मले प्रभासको 'कल्की २८९८' र 'सालार' जस्ता फिल्मको कीर्तिमान तोड्न सक्छ कि सक्दैन भन्ने हेर्न बाँकी छ । अल्लु अर्जुनको यो फिल्मको पहिलो भाग २०२१ मा रिलिज भएको थियो, जुन हिट भएको थियो । अब फिल्मको दोस्रो पार्ट रिलिज हुन लागेकोले जनतामा यसको लागि उत्साह उत्कर्षमा पुगेको पक्कै छ । 'पुष्पा २' डिसेम्बर ५ मा हलमा रिलिज हुँदैछ ।

*-डिसी नेपाल डटकम*

# सुनको भाउ तोलाको १ हजार बढ्यो



**पाल्पा,** मंसिर १८/स्थानीय बजारमा सुनको भाउ बढेको छ । सोमबारको तुलनामा मंगलबार तोलामा १ हजार रुपैयाँ बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलबार छापावाल सुनको भाउ तोलाको १ लाख ५० हजार ३ सय रुपैयाँमा कारोबार भइरहेको छ । सोमबार १ लाख ४९ हजार ३ सय रुपैयाँ थियो । त्यसैगरी चाँदीको भाउ मंगलबार ३० रुपैयाँ बढेर तोलाको १ हजार ८ सय ४५ मा किनबेच भइरहेको छ ।

सोमबार तोलाको १ हजार ८ सय १५ रुपैयाँ थियो ।

## दूध बेचेर...

...भेटेरिनरी अस्पताल, पशुपालक कृषकसँग काम गर्दै आएका सामुदायिक स्रोत विकास केन्द्र (डिसिआरडिसी) र साना किसान सहकारी संघ-संस्थाबाट प्राप्त प्रोत्साहनले पशुपालनमा लाग्न सहज वातावरण बनाएको बस्नेतले प्रतिक्रिया दिए । गाईभैंसीलाई खुवाउने घाँस उत्पादन गर्न फार्मको वरिपरी ४० रोपनी जमिन भाडामा लिएर एक सय ५० केजी सुडान छरेको उनको भनाइ छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङबाट प्राविधिक सहयोग, औषधि उपचार र खोपसँगै अनुदान पाएको बताउँदै बस्नेतले लम्पीस्किन रोगले भने तीन वटा गाई र एउटा भैंसी मरेको जानकारी दिए । उनका अनुसार व्यवसाय विस्तारका क्रममा फार्ममा ३० लाखभन्दा बढी लगानी पुगिसकेको छ । भारतको विहारबाट एक लाख ३० हजार तिरेर भैंसी ल्याएको जनाउँदै बस्नेतले ती भैंसीले एक छाकमा १० लिटरभन्दा बढी दूध दिने उल्लेख गरे। समग्रमा वार्षिक रूपमा ३० लाखभन्दा बढी आम्दानी हुने बताउँदै उनले स्थानीय सरकारले बजार व्यवस्थापनमा सहजीकरण गर्नुपर्नेमा जोड दिए ।

*-रासस*


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


**खेलकुद समाचार**


## नेपालले अफगानिस्तानलाई हरायो



**काठमाडौं,** मंसिर १८/उन्नाइस वर्षमुनिको पुरुष एशिया कप क्रिकेटमा अफगानिस्तानले नेपाललाई १ सय २४ रनको लक्ष्य दिएको छ । यूएईको शारजाहमा टस जितेर ब्याटिङ गरेको अफगानिस्तान ३५ ओभर ४ बलमा १ सय २३ रनमा अलआउट भयो । अफगानिस्तानका फैसल खानले सबैभन्दा धेरै ५२ रन बनाए । नेपालका उनिश ठकुरी र सन्तोष यादवले ३/३ विकेट लिए । यस्तै कप्तान हेमन्त धामी र अभिषेक तिवारीले २/२ विकेट लिए । यसअघि लगातार दुई खेलमा पराजित भएको नेपाल लगभग प्रतियोगिताबाट बाहिरी सकेको छ । नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ५५ रनले र दोस्रो खेलमा बङ्गलादेशसँग ५ विकेटले पराजित भएको हो । १९ वर्षमुनिको एशिया कप क्रिकेटको समूह 'ए' मा भारत, पाकिस्तान, जापान र यूएई छन् ।नेपाल र अफगानिस्तान दुवै टोली सान्त्वना जीतको खोजीमा छन् । १९ वर्षमुनिको एशिया कप क्रिकेटमा नेपाल पहिलो खेलमा श्रीलङ्कासँग र दोस्रो खेलमा बङ्गलादेशसँग पराजित भएको थियो । यस्तै अफगानिस्तान पहिलो खेलमा बङ्गलादेशसँग र दोस्रो खेलमा श्रीलङ्कासँग पराजित भएको थियो ।

**अर्थ/कर्पोरेट समाचार**

## नेप्से परिसूचक १७ दशमलव ८० अङ्कले बढ्यो



**काठमाडौं,** मंसिर १८/मंगलबार सेयर बजारको परिसूचक नेप्से १७.८० अंक बढेको छ । सो अंकको वृद्धिपछि परिसूचक २ हजार ७ सय ७५ अंकमा कायम भएको छ । परिसूचक बढ्दा कारोबार रकम घटेको छ । अघिल्लो दिन १० अर्ब ५४ करोडको कारोबार भएकोमा यस दिन ८ अर्ब ५२ करोडको भयो ।

१ सय ४२ कम्पनीको मूल्य बढ्दा ९७ को घट्यो भने ५ को स्थिर रह्यो । फाइनान्स १.३९, हाइड्रोपावर १.८५, जीवन बीमा १.५२, उत्पादन ०.०६, व्यापार ५.९६ र अन्य समूह ०.२७ प्रतिशत बढे । बैंकिङ ०.१९, विकास बैंक ०.३७, होटल तथा पर्यटन १.७१, लगानी ०.४१, माइक्रोफाइनान्स ०.३२ तथा निर्जीवन बीमा समूह ०.५२ प्रतिशत घटे । ४ हाइड्रोपावरको मूल्य १० प्रतिशत बढ्यो । दिव्यश्वरी हाइड्रोपावर, इङ्वा हाइड्रोपावर, खानीखोला हाइड्रोपावर र जोशी हाइड्रोपावरको मूल्य १० प्रतिशत बढेको हो । ङादी ग्रुप पावरको ८.६, शिवश्री हाइड्रोको ८.१ तथा छ्याङ्दी हाइड्रोको ७.३ प्रतिशत मूल्य बढ्यो ।

अघिल्लो दिनसम्म १० प्रतिशत मूल्य बढिरहेको विशाल बजार कम्पनीको यस दिन ६.४ प्रतिशत बढ्यो । सो कम्पनीको मूल्य प्रतिकित्ता ७ हजार १५ रुपैयाँ पुगेको छ । त्यस्तै अपर स्याङ्वो हाइड्रोपावरको ९.५, जानाकी फाइनान्सको ६.१, गुराँस लघुवित्तको मूल्य ३.४ प्रतिशत घट्यो । कारोबार रकमका आधारमा ङादी ग्रुप, जानाकी फाइनान्स, एनआरएन इन्फ्रास्ट्रक्चर, बेस्ट फाइनान्स र एनआईसी एसिया बैंक क्रमश: अगाडि रहे ।


## वायु प्रदुषणबाट जोगिऔं

वायु प्रदुषणले:

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुर्‍याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।

त्यसैले:

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं, घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

वायु प्रदुषणको असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

# सूचना ! सूचना !! सूचना !!!

**सूचना प्रकाशित मिति:२०८१/०८/१७**

तानसेन नगरपालिका क्षेत्र भित्र निर्माण हुने सम्पूर्ण निजि घर तथा भवनहरुको नक्सा सम्बन्धि जन-गुनासोलाई मध्य नजर गर्दै, तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट ५ वटा **RCC Frame Structure** र ५ वटा **Load Bearing** घर संरचनाको सम्पूर्ण नक्सा निशुल्क रुपमा प्रदान गरिने व्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । निशुल्क उपलब्ध हुने घरको नक्सा तानसेन नगरपालिकाको वेवसाइट **www.tansenmun.gov.np** मार्फत डाउनलोड गर्न सकिने छ । साथै, नक्सा पास प्रयोजनको लागि तपशिलको कागजात पेश गर्नुहुन् अनुरोध छ ।

**तपशिल-**

१.नगरपालिकाको आधिकारिक वेवसाइटबाट डाउनलोड गरिएको नक्सा ।
२.तिरो तिरेको रसिदको प्रतिलिपी ।
३.लालपुर्जाको प्रतिलिपी ।
४.नागरिकताको प्रतिलिपी ।
५.नापी कार्यालयबाट जारि भएको नक्सा सिट ।

**नोट** -माथि उल्लेखित कागजात सहित अनलाइन प्रणाली **www.ebps.tansenmun.gov.np** मा प्रविष्ठ गरी पेश गरेको हुनुपर्ने छ ।

**हरिराम नागिला**
**प्रमुख प्रशासकीय अधिकृत**


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई